# कर्णाली प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

कर्णाली प्रदेश सरकार ... वीरेन्द्रनगर, सुर्खेत, नेपाल

**प्रस्तावना**: स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी गुणस्तरीय खानेपानी र सरसफाइ सेवा सहज रुपमा उपलब्ध गराउने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "कर्णाली प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमतिपत्र" भन्नाले दफा ८ बमोजिमको अनुमतिपत्र सम्झनु पर्छ।

(ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने संगठित संस्था सम्झनु पर्छ र सो शब्दले खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरेका सेवा प्रदायकलाई समेत जनाउँछ।

(ग) "आयोजना" भन्नाले खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यको लागि सञ्चालित आयोजना सम्झनु पर्छ।

(घ) "उपभोक्ता" भन्नाले खानेपानी तथा सरसफाइ सेवा उपभोग गर्ने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्छ।

(ङ) "उपभोक्ता संस्था" भन्नाले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भएका गैर नाफामुलक सामुदायिक संस्था सम्झनु पर्छ।

(च) "खानेपानी" भन्नाले मानव तथा पशु स्वास्थ्यको लागि हानिकारक तत्व नभएको खानेपानी गुणस्तर मापदण्ड बमोजिमको गुणस्तरयुक्त स्वच्छ खानेपानी सम्झनु पर्छ।

(छ) "खानेपानी सेवा" भन्नाले पानीको उत्पादन, सञ्चय, स्थानान्तरण, प्रशोधन तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ति गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दीरुपमा खानेपानी उपलब्ध गराउने कार्यलाई समेत जनाउँछ।

प्रदेश सचिव

(ज) "खानेपानीको सार्वजनिक उपयोग" भन्नाले सार्वजनिकरुपमा जडान भएका धाराबाट उपभोक्ताको लागि वितरण हुने खानेपानीको उपयोग सम्झनु पर्छ र सो शब्दले अग्नी नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक स्थलहरूमा प्रयोग गरिने खानेपानीको उपयोगलाई समेत जनाउँछ।

(झ) "खानेपानीको संस्थागत उपयोग" भन्नाले सरकारी, सार्वजनिक, व्यावसायिक वा व्यापारिक संस्थाहरूले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनु पर्छ र सो शब्दले औद्योगिक संस्थाहरुले औद्योगिक प्रयोजन बाहेक उपयोग गर्ने खानेपानीलाई समेत जनाउँछ।

(ञ) "घरेलु उपयोग" भन्नाले पिउन, हातमुख तथा लुगाधुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्यक्तिगत तथा घरायसी प्रयोजनको लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्छ।

(ट) "ढल व्यवस्थापन" भन्नाले मानव मलमूत्र सहित वा रहित फोहोरपानीलाई भूमिगत वा सतही ढल प्रणाली वा अन्य कुनै सुरक्षित तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, मानव मलमूत्र सहित वा रहित फोहोरपानी प्रशोधन प्रणाली, मानव मलमूत्रजन्य फोहोरको व्यवस्थापन कार्य समेतलाई जनाउँछ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ड) "निरीक्षक" भन्नाले दफा ३५ बमोजिम निरीक्षकको रुपमा काम गर्न मन्त्रालयले तोकेको कर्मचारी सम्झनु पर्छ।

(ढ) "पानीको स्रोत" भन्नाले प्राकृतिक रुपमा पानी निसृत हुने नदी, खोला, ताल, पोखरी, ढुंगेधारा, इनार, कुवा तथा मूल जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनु पर्छ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचनालाई समेत जनाउँछ।

(ण) "फोहरपानी" भन्नाले खानेपानीको घरेलु तथा संस्थागत उपयोग पश्चात निष्काशन हुने मानव मलमूत्र सहित वा रहित फोहोरपानी सम्झनु पर्छ र सो शब्दले फोहोरपानीसँग मिसिएर आउने वर्षातको पानीलाई समेत जनाउँछ।

(त) "मन्त्रालय" भन्नाले जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय सम्झनु पर्छ।

(थ) "सरसफाइ सेवा" भन्नाले फोहोरपानी व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्छ र सो शब्दले पानीको



प्रदेश सचिव

स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, फोहोरपानी प्रशोधन प्रणाली, मानव मलमूत्रजन्य फोहोरको व्यवस्थापन कार्य तथा सार्वजनिक शौचालयको निर्माण, विकास, सञ्चालन तथा प्रवर्द्धन गर्ने कार्यलाई समेत जनाउँछ।

(द) "सङ्गठित संस्था" भन्नाले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्नको लागि प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएका उपभोक्ता संस्था, कम्पनी, सहकारी संस्था सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले गठन तथा स्थापना भएका संस्थान, बोर्ड, समिति, प्राधिकरण वा त्यस्तै प्रकृतिका निकायलाई समेत जनाउँछ।

(ध) "सङ्घीय मन्त्रालय" भन्नाले नेपाल सरकारको खानेपानी तथा सरसफाइ सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(न) "सङ्घीय ऐन" भन्नाले नेपाल सरकारको खानेपानी तथा सरसफाइ ऐन, २०७९ सम्झनु पर्छ।

(प) "सेवा प्रणाली" भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जलभण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्छ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ।

(फ) "सेवाप्रदायक" भन्नाले खानेपानी सेवा, सरसफाइ सेवा, सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्छ।

(ब) "सेवा क्षेत्र" भन्नाले अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि अनुमतिपत्रमा उल्लेख गरी तोकिएको क्षेत्र सम्झनु पर्छ।

(भ) "स्थलगत सरसफाइ" भन्नाले ढल प्रणाली रहित क्षेत्रमा स्थलगत रूपमा मानव मलमूत्रजन्य फोहोरको संकलन, भण्डारण, प्रशोधन तथा सुरक्षित बिसर्जन सम्बन्धी कार्यलाई सम्झनु पर्छ।

(म) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेश भित्रका गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्छ।

(ब) "स्वच्छता" भन्नाले नियमित रुपमा शौचालय प्रयोग गर्ने, नियमित साबुन पानीले हात धुने, घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गर्ने, व्यक्तिगत सरसफाई कायम गर्ने र घर भित्र र बाहिरका तरल र ठोस फोहोर र



प्रदेश सचिव

घर भित्र र बाहिरका तरल र ठोस फोहोरमैलाको उचित व्यवस्थापन गरी पूर्ण स्वच्छता कायम गर्ने कार्यलाई समेत जनाउँछ ।

परिच्छेद- २

खानेपानीको तथा सरसफाइको अधिकार र स्रोत सम्बन्धी

३. खानेपानी तथा सरसफाइको अधिकारः (१) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार हुनेछ र त्यस्तो अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र परिपूर्ति यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार अन्तर्गत प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछः-

(क) स्वच्छ खानेपानीमा सहज र सुलभ पहुँचको अधिकार,

(ख) नियमित रुपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

(ग) गुणस्तरीय सरसफाइ सेवामा सहज र सुलभ पहुँचको अधिकार।

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी प्रदेश सरकार र स्थानीय तहको हुनेछ।

४. खानेपानीको स्रोतमा अधिकारः (१) प्रदेशभित्रका पानीको स्रोत माथिको अधिकार प्रचलित कानून बमोजिम हुनेछ।

(२) कुनै व्यक्ति वा समुदायले परम्परागत रुपमा घरेलु प्रयोजनको लागि उपयोग गर्दै आएको खानेपानीमा सोही प्रयोजनको लागि त्यस्तो व्यक्ति वा समुदायको अग्राधिकार रहनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सतहगत पानीको स्रोतको समुचित विकास गरी सो स्रोतबाट अन्य व्यक्ति वा समुदायलाई खानेपानी सेवा प्रदान गर्नुपर्ने भएमा बाँकी पानी अन्यत्र स्थानान्तरण गर्न वा अरुलाई उपयोग गर्न दिन वाधा पर्ने छैन।

(४) कुनै खानेपानी प्रणालीबाट कुनै व्यक्ति बस्ती, समुदाय, विद्यालय, अस्पताल, मठ, धार्मिकस्थल जस्ता सामाजिक संस्थाका लागि उपलब्ध भएको खानेपानी सेवा अर्को सेवाबाट वैकल्पिक व्यवस्था नभएसम्म सो खानेपानी प्रणालीबाट खानेपानी सेवाप्राप्त गर्ने अधिकार त्यस्तो व्यक्ति, बस्ती, समुदाय, विद्यालय, अस्पताल, मठ, धार्मिकस्थल जस्ता सामाजिक संस्थाको हकमा सुरक्षित रहनेछ।

५. खानेपानीको स्रोत तथा मुहानको संरक्षणः पानीको स्रोत तथा मुहानको संरक्षण प्रदेश सरकार तथा स्थानीय तहको समन्वयमा देहाय बमोजिमको कार्य गर्नु पर्नेछः-

(क) पानीको स्रोतको संरक्षणको लागि बाढी, पहिरो नियन्त्रण गर्ने,



प्रदेश सचिव

(ख) पानीको स्रोतलाई प्रदूषित हुन नदिन आवश्यक व्यवस्था गर्ने र पानीको स्रोत नष्ट वा लोप हुनबाट बचाउने,

(ग) पानीको मूल वा मुहानलाई दिगो बनाई राख्न उपयुक्त उपायहरू अवलम्बन गर्ने तथा नियमित रूपमा मर्मत सम्भार गर्ने,

(घ) पानीको संरक्षण, सम्बर्द्धन र समुचित उपयोग सम्बन्धमा उपभोक्ता वा सम्बद्ध पक्षहरुको लागि सचेतना वा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,

(ङ) पानीको स्रोत प्रदुषण हुन नदिन तथा पानीको मूल वा वहाव क्षेत्रको संरक्षण गर्न जैविक खेतीगर्न कृषकलाई प्रोत्साहित गर्ने,

(च) खानेपानीको मूल वा वहाव क्षेत्र वा सो क्षेत्रका प्राणीमा प्रतिकूल असर पर्ने गरी विषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न बन्देज गर्ने, र

(छ) खानेपानीको स्रोत र मुहान संरक्षण सम्बन्धी अन्य कार्य गर्ने।

६. <u>खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन तथा व्यवस्थापन</u>: (१) प्रदेश सरकार तथा स्थानीय तहले स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन तथा व्यवस्थापन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवाको सञ्चालन तथा व्यवस्थापन गर्दा प्रदेश सरकार तथा स्थानीय तह आफैंले वा सङ्गठित संस्था मार्फत गराउन सक्नेछन्।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आधारभूत खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन तथा व्यवस्थापन प्रदेश सरकार तथा स्थानीय तहले पारस्परिक समन्वयमा आफैंले वा आफ्नो स्वामित्व वा नियन्त्रणमा रहेको सङ्गठित संस्था मार्फत गर्नु वा गराउनु पर्नेछ।

(४) अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रमा तोकिएको खानेपानी क्षेत्रभित्र खानेपानी प्रणालीबाट तोकिएको परिमाणमा नियमितरुपमा खानेपानी सेवा उपलब्ध गराउनु पर्नेछ।

(५) अनुमतीपत्र प्राप्त संस्थाले उपदफा (४) बमोजिम नियमितरुपमा खानेपानी वितरण गर्न नसकेमा ट्यांकर वा अन्य वैकल्पिक व्यवस्थाद्वारा उपयुक्त गुणस्तर र परिमाणको खानेपानी उपभोक्तालाई उपलब्ध गराउनु पर्नेछ।

(६) अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो सेवा क्षेत्रभित्र आफुले उपलब्ध गराएको समयतालिका बमोजिम नियमितरुपमा खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महशुल लिन पाउने छैन।

प्रदेश सचिव

परिच्छेद- ३

## खानेपानीको तथा सरसफाइको जिम्मेवारी तथा दायित्व

७. खानेपानीको तथा सरसफाइको जिम्मेवारी तथा दायित्वः (१) खानेपानी सेवा तथा सरसफाइ सेवा सम्बन्धी आयोजनाको अनुमतिपत्र प्रदान, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न प्रदेश सरकार र स्थानीय तहको जिम्मेवारी र दायित्व देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकारको जिम्मेवारी र दायित्वः-

(१) पन्ध्र करोड रुपैयाँभन्दा बढी पचास करोड रुपैयाँसम्मको लागत भएका आयोजना,

(२) आयोजना सम्पन्न गरिने वर्षमा तराईमा आठ हजार भन्दा बढी पन्ध्र हजारसम्म, पहाडमा दुई हजार भन्दा बढी पाँच हजारसम्म वा हिमाली क्षेत्रमा पाँच सय भन्दा बढी एक हजारसम्म जनसंख्या लाभान्वित हुने खानेपानी तथा सरसफाइ आयोजना,

(३) बाँधको उचाई दश मिटरसम्म भएको जलाशययुक्त खानेपानी आयोजना,

(४) फोहोरपानी सङ्कलन, व्यवस्थापन तथा प्रसोधन सम्बन्धी आयोजना,

(५) प्रदेश भित्रका एकभन्दा बढी स्थानीय तहलाई प्रभाव पार्ने खानेपानी तथा सरसफाइ आयोजना,

(६) प्रदेश सरकारले तोके बमोजिमको आयोजना।

(ख) स्थानीय तहको जिम्मेवारी र दायित्वः-

(१) पन्ध्र करोड रुपैयाँसम्मको लागत भएका आयोजना,

(२) आयोजना सम्पन्न गरिने वर्षमा तराईमा आठ हजार, पहाडमा दुई हजार वा हिमाली क्षेत्रमा पाँच सयसम्म जनसंख्या लाभान्वित हुने खानेपानी तथा सरसफाइ आयोजना,

(३) फोहोरपानी व्यवस्थापन प्रणालीको सञ्चालन र सोबाट निस्कासन हुने प्रशोधित ठोस तथा तरल पदार्थको व्यवस्थापन,

(४) स्थानीय स्तरमा आधारभूत खानेपानी तथा सरसफाइ सेवा,

(५) सरसफाइ सम्बन्धी जनचेतना अभिवृद्धि,

(६) स्थलगत सरसफाइको व्यवस्थापन तथा नियमन,

(७) सेप्टिक टयाङ्कको मानव मलमुत्रजन्य फोहोर सफा गर्ने टयाङ्कर सेवा सञ्चालनको अनुमति तथा सोको नियमन,



प्रदेश सचिव

(८) स्थानीय तहबाट सञ्चालित खानेपानी तथा सरसफाइ आयोजनाको मर्मतसम्भार र पुनःस्थापना।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको जिम्मेवारी र दायित्व रहने विषयको कार्यान्वयन सम्बन्धित स्थानीय तहको कानून बमोजिम हुनेछ।

(३) उपदफा (२) मा जनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको कानून नबने सम्मका लागि प्रदेश सरकारले यस ऐन बमोजिमको काम गर्न सक्नेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि अत्यावश्यक खानेपानी तथा सरसफाइ आयोजनाको लागि बढी लागत वा विशिष्टीकृत प्राविधिक दक्षता आवश्यक पर्ने, भौगोलिक जटिलता तथा जनशक्तिका कारण आफुले सो आयोजना सम्पन्न गर्न नसक्ने भएमा आयोजना कार्यान्वयनका लागि स्थानीय तहले प्रदेश सरकारसमक्ष र प्रदेश सरकारले नेपाल सरकारसमक्ष अनुरोध गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम स्थानीय तहबाट अनुरोध भई आएका आयोजनाहरु प्रदेश सरकारले कार्यान्वयन गर्न सक्नेछ।

(६) आफ्नो क्षेत्र भित्रका खानेपानी तथा सरसफाइ सेवाको अनुगमन तथा नियमन गर्ने अधिकार उपदफा (१) मा उल्लेख भएको जिम्मेवारी बमोजिम प्रदेश सरकार र स्थानीय तहलाई हुनेछ।

## परिच्छेद- ४
## अनुमतिपत्र सम्बन्धी व्यवस्था

८. <u>अनुमतिपत्र लिनुपर्नेः</u> (१) प्रदेश सरकार तथा स्थानीय तह बाहेक खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न, आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत तथा व्यावसायिक उपयोग गर्न वा गराउन चाहेमा यस ऐन बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको काम गर्न अनुमतिपत्र लिनु पर्ने छैनः-

(क) वर्षातको पानी सङ्कलनमा आधारित साना खानेपानी आयोजनाको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी खानेपानी सेवा तथा सरसफाइ सेवा प्रदान गर्न,

(ग) कसैलाई प्रतिकूल असर नपर्ने गरी आफ्नो घर-परिसरको फोहोरपानी भूमिगत अवशोषण (एब्जर्भ) गर्न वा कुनै बिधिबाट आफ्नो जग्गा जमिनमा विसर्जन गर्न,

प्रदेश सचिव

(घ) यो ऐन प्रारम्भ हुनअघि प्रचलित कानून बमोजिम दर्ता भई खानेपानी संरक्षण, संवर्द्धनको कार्य र खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गरिरहेका नाफारहित सामुदायिक संस्था वा उपभोक्ता समूहहरुले त्यस्तो कार्य तथा सेवा सञ्चालन गर्न,

(ङ) आफ्नो निजी जग्गामा रहेको पानीको स्रोतको घरेलु उपयोगका लागि खानेपानी प्रयोग गर्न।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भई खानेपानी संरक्षण, संवर्द्धन र खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गरिरहेका नाफारहित सामुदायिक संस्था वा उपभोक्ता संस्थाहरु यो ऐन बमोजिम एक बर्षभित्र सम्बन्धित स्थानीय तहमा सूचिकृत हुनु पर्नेछ।

(४) सामूहिक लाभको लागि खानेपानी तथा सरसफाइ आयोजनाको विकास तथा सञ्चालन गरी त्यसबाट लाभान्वित हुन चाहने व्यक्तिहरूले समावेशी सिद्धान्तका आधारमा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गरी सम्बन्धित स्थानीय तहको कानून बमोजिम दर्ता गर्नु पर्नेछ।

९. <u>अनुमतिपत्रका लागि निवेदन दिनुपर्नेः</u> (१) यस ऐन बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न, आयोजना वा सेवा प्रणालीको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत वा व्यावसायिक तथा औद्योगिक उपयोग गर्न चाहने संगठित संस्थाले तोकिएको अधिकारी समक्ष अनुमतिपत्रको लागि तोकिएबमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

<u>स्पष्टीकरणः</u> यस परिच्छेदको प्रयोजनको लागि "तोकिएको अधिकारी" भन्नाले मन्त्रालयले तोकेको अधिकारी र स्थानीय तहको हकमा स्थानीय तहले तोकेको अधिकारी सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिंदा सम्बन्धित विषयको आर्थिक, प्रविधिक तथा प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिएबमोजिमका अन्य विवरण समेत संलग्न गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा आवश्यक छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा तोकिएको अधिकारीले सो बमोजिमका कागजात पेश गर्न वा स्पष्ट गर्न निवेदकलाई सात दिनको समय दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको समयभित्र निवेदकले थप कागजात पेश गरेमा सो मितिलाई नै निवेदन परेको मिति मानिनेछ।

१०. <u>अनुमतिपत्र दिनुपर्नेः</u> (१) दफा ९ बमोजिम परेको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा यस ऐन बमोजिम अनुमति दिन उपयुक्त देखिएमा तोकिएको अधिकारीले सामान्यतया निवेदन परेको मितिले

प्रदेश सचिव

पैंतालिस दिनभित्र आवश्यक शर्त उल्लेख गरी तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ।

(२) यो ऐन प्रारम्भ हुनु अगावै खानेपानी तथा सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चालन तथा व्यवस्थापन तथा खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत, व्यावसायिक तथा औद्योगिक उपयोग गरिरहेका संगठित संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक बर्षभित्र तोकिएबमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र नलिएका संगठित संस्थाले खानेपानी तथा सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत, व्यावसायिक तथा औद्योगिक उपयोग गर्न पाउने छैन।

११. <u>सर्वेक्षण अनुमतिपत्र सम्बन्धी व्यवस्था</u>: (१) खानेपानी तथा सरसफाइ सेवा, आयोजना वा सेवा प्रणालीको सर्वेक्षण गर्न चाहने सङ्गठित संस्थाले तोकिएको अधिकारी समक्ष अनुमतिपत्रको लागि तोकिए बमोजिम निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सर्वेक्षणको लागि दिइने अनुमतिपत्रको अवधि बढीमा तीन वर्षको हुनेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र सर्वेक्षण गर्ने कार्य सम्पन्न गर्न नसकेमा त्यस्तो अनुमतिपत्र स्वतः खारेज हुनेछ।

(४) सर्वेक्षण अनुमतिपत्रको लागि दिइने निवेदनको ढाँचा, दस्तुर, प्रक्रिया र सर्भेक्षण अनुमति शुल्क लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. <u>अनुमतिपत्रको अवधि</u>: (१) दफा १० बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न, आयोजना वा सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत व्यावसायिक तथा औद्योगिक उपयोग गर्नको लागि दिइने अनुमतिपत्रको अवधि बढीमा पच्चीस वर्षको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि थोक, टयाङ्कर वा बोतलबन्दरूपमा खानेपानी सेवा उपलब्ध गराउने सेवा प्रदायकको हकमा अनुमतिपत्रको अवधि दुई वर्षको हुनेछ।

(३) दफा १० बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रको अवधि समाप्त हुनुभन्दा तीन महिना अगावै तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा नवीकरणको लागि निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम नवीकरणका लागि निवेदन दिएमा त्यस्तो अनुमतिपत्र प्राप्त संस्थालाई एक पटकमा पाँच वर्षमा नबढाई अनुमतिपत्र नवीकरण गरिदिनु पर्नेछ।

प्रदेश सचिव

(५) उपदफा (४) बमोजिम नवीकरण नगराउने अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र स्वतः रद्द हुनेछ।

१३. <u>अनुमतिपत्र प्रदान नगरिने</u>: (१) यस ऐन बमोजिम कुनै सेवा क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न, आयोजना वा सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको सार्वजनिक, संस्थागत व्यावसायिक तथा औद्योगिक उपयोगको लागि कुनै सङ्गठित संस्थालाई अनुमतिपत्र दिइएकोमा त्यस्तो अनुमतिपत्रको अवधिभर सोही क्षेत्रमा अनुमतिपत्र प्राप्त गरेको खानेपानीको स्रोतमा प्रतिकूल असर पर्ने गरी अन्य कुनै सङ्गठित संस्थालाई अनुमतिपत्र प्रदान गरिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा अन्य सङ्गठित संस्थालाई अनुमतिपत्र दिन सकिनेछः-

(क) सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा,

(ख) नियमित रुपमा खानेपानी वितरण नगरेमा,

(ग) माग अनुसारको खानेपानी आपूर्ति गर्न नसकेमा, वा

(घ) दफा १४ बमोजिम अनुमतिपत्र खारेज भएमा।

१४. <u>अनुमतिपत्र खारेज</u>: (१) देहायको अवस्थामा तोकिएको अधिकारीले अनुमतिपत्रमा उल्लिखित काममा आवश्यक सुधार गर्न वा निर्माण कार्य सम्पन्न गरी सेवा सञ्चालन गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई आदेश दिन सक्नेछः-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा,

(ख) नियमित रुपमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध नगराएमा,

(ग) खानेपानी तथा सरसफाइ सेवा प्रदान गरे बापत तोकिएको भन्दा बढी शुल्क लिएमा, वा

(घ) अनुमतिपत्रमा उल्लिखित अवधिभित्र आयोजना वा सेवा प्रणालीको निर्माण सञ्चालन तथा व्यवस्थापन नगरेमा।

(२) उपदफा (१) बमोजिम दिएको आदेशको पालना नगरेमा वा अनुमतिपत्रमा तोकिएको शर्तको उल्लङ्घन गरेमा तोकिएको अधिकारीले दफा १० बमोजिम दिएको अनुमतिपत्र खारेज गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि तोकिएको अधिकारीले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

प्रदेश सचिव

१५. विवरण पेश गर्नु पर्नेः देहायको विवरण स्थानीय तहले मन्त्रालय समक्ष र मन्त्रालयले सङ्घीय मन्त्रालय समक्ष पेश गर्नु पर्नेछः-

(क) अनुमतिपत्र प्रदान गरिएको सङ्गठित संस्थाको नाम र सङ्ख्या,

(ख) अनुमतिपत्र प्रदान गरिएको सङ्गठित संस्थाहरुले सेवा दिने क्षेत्र,

(ग) अनुमतिपत्र प्रदान गरिएको सङ्गठित संस्थाहरुको अनुमतिपत्रको अवधि र तोकिएको शर्त,

(घ) प्रदेश वा स्थानीय तह आफैले सञ्चालन गरेका आयोजनाको सङ्ख्या र अन्य आवश्यक विवरण,

(ङ) प्रदेश वा स्थानीय तहले उपयुक्त सम्झेको अन्य विवरण।

१६. संरचनाको हस्तान्तरणः (१) अनुमतिपत्र प्राप्त संस्थाले दफा १२ को उपदफा (१) बमोजिमको अनुमतिपत्रको अवधि समाप्त भएपछि आफूले सञ्चालन गरेको खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना तथा सेवा प्रणाली र सोसम्बन्धी संरचना चालू अवस्थामा देहायबमोजिमका निकायलाई निःशुल्क रुपमा हस्तान्तरण गर्नु पर्नेछः-

(क) दफा ७ को उपदफा (२) को खण्ड (क) बमोजिमको आयोजनाको हकमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकेको निकाय,

(ख) दफा ७ को उपदफा (२) को खण्ड (ख) बमोजिमको आयोजनाको हकमा सम्बन्धित स्थानीय तह।

(२) उपदफा (१) बमोजिम संरचना हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले हस्तान्तरण गरेका आयोजना र संरचनाहरुको तोकिएबमोजिमको विवरण उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमका निकायले सो निकायमा हस्तान्तरण भएका मितिले दुई महिनाभित्र मन्त्रालयसमक्ष र मन्त्रालयले तीन महिनाभित्र सङ्घीय मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ।

## परिच्छेद- ५

## खानेपानी तथा सरसफाइ सेवा सञ्चालन सम्बन्धी

१७. सेवा उपलब्ध गराउनु पर्नेः (१) अनुमतिपत्र प्राप्त संस्था वा यस ऐन बमोजिम अनुमति लिनु नपर्ने निकायले आफ्नो सेवा क्षेत्रभित्र न्यायोचितरुपले खानेपानी तथा सरसफाइ सेवा उपयोग गर्न पाउने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ।

प्रदेश सचिव

(२) अनुमतिपत्र प्राप्त संस्थाले सार्वजनिक, संस्थागत तथा व्यावसायिक उपभोक्तालाई खानेपानी सेवा उपलब्ध गराउँदा पानीको परिमाणात्मक उपयोग तथा पानी उपयोग गरे पश्चात निस्कने फोहोरपानीको व्यवस्थापन सम्बन्धमा त्यस्ता सार्वजनिक संस्थागत तथा व्यावसायिक संस्थासँग आपसी सम्झौता गरी सेवा प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउँदा कुनै पनि आधारमा भेदभाव गर्न पाइने छैन।

(४) यस दफा बमोजिम सेवा उपलब्ध गराउँदा घरेलु उपयोगको लागि उचित व्यवस्था गरेर मात्र सार्वजनिक, संस्थागत, व्यावसायिक तथा औद्योगिक प्रयोजनको लागि पानीको स्रोतको प्रयोग गर्नु पर्नेछ।

१८. करार गरी खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्न सक्नेः (१) प्रदेश सरकारले निर्माण वा सञ्चालन गरेको वा प्रदेश सरकारको स्वामित्वमा रहेको कुनै खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना वा सेवाप्रणाली कुनै सङ्गठित संस्थालाई प्रदेश सरकारले सञ्चालन तथा व्यवस्थापन करारमा दिई सञ्चालन गर्न वा गराउन सक्नेछ।

(२) खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना वा सेवाप्रणाली सञ्चालन तथा व्यवस्थापन करारमा दिने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१९. गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्नेः अनुमतिपत्र प्राप्त संस्था वा यस ऐन बमोजिम अनुमति लिनु नपर्ने निकायले स्वच्छ तथा गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्नेछ।

२०. धारा तथा मिटर जडानः (१) यस ऐनबमोजिम खानेपानी सेवा प्राप्त गर्न चाहने उपभोक्ताले धारा तथा मिटर जडानको लागि सम्बन्धित सेवा क्षेत्रको अनुमतिपत्र प्राप्त संस्था वा उपभोक्ता संस्था समक्ष तोकिएबमोजिम निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा अनुमतिपत्र प्राप्त संस्था वा उपभोक्ता संस्थाले तोकिएको शुल्क लिई तोकिएको समयभित्र धारा तथा मिटर जडान गरिदिनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्राविधिक कारणले कुनै सेवा क्षेत्रभित्रका धाराहरुमा मिटर जडान गर्न उपयुक्त नहुने भएमा अन्य उपयुक्त व्यवस्था गरी खानेपानी सेवा उपलब्ध गराउनु पर्नेछ।

२१. ढल निकास सेवा प्राप्त गर्नेः (१) यस ऐन बमोजिम ढल निकास सेवा प्राप्त गर्न चाहने उपभोक्ताले सम्बन्धित सेवा क्षेत्रको अनुमतिपत्र प्राप्त संस्थामा तोकिए बमोजिम निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि अनुमतिपत्र प्राप्त संस्थाले ढल निकासको लागि तोकिएको शुल्क लिई तोकिएको समयावधिभित्र ढल निकासको व्यवस्था गरिदिनु पर्नेछ।

प्रदेश सचिव

प्रदेश सरकार ... उर्जा ... मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२२. खरिद बिक्री गर्न सक्नेः यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाहरुले आपसी सम्झौता गरी घरेलु, सार्वजनिक, संस्थागत, व्यावसायिक तथा औद्योगिक प्रयोजनको लागि प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित पानी थोकरूपमा खरिद बिक्री गर्न सक्नेछन्।

२३. सेवा बन्द गर्न सक्नेः (१) काबुबाहिरको परिस्थिति उत्पन्न भई खानेपानी सेवा प्रणालीबाट उपलब्ध गराइरहेको खानेपानीको गुणस्तर कायम रहन नसक्ने भएमा वा सेवाको स्तरमा असर पर्ने भएमा वा सेवा बन्द गर्नु पर्ने भएमा त्यस्तो सेवा सुचारु हुन लाग्ने अनुमानित समय समेत उल्लेख गरी अनुमतिपत्र प्राप्त संस्थाले उपभोक्तालाई उपयुक्त माध्यमबाट सो कुराको पूर्वसूचना दिई सेवा बन्द गर्न सक्नेछ।

(२) अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र खानेपानी सेवा बन्द गरेमा त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाले वैकल्पिक व्यवस्था गरी उपभोक्तालाई स्वच्छ तथा गुणस्तरयुक्त खानेपानी उपलब्ध गराउनु पर्नेछ।

(३) काबुबाहिरको परिस्थिति उत्पन्न भई ढल निकास प्रणालीबाट विसर्जन भइरहेको फोहोरपानीको व्यवस्थापन गर्न नसक्ने भएमा त्यस्तो सेवा सुचारु हुन लाग्ने अनुमानित समय समेत उल्लेख गरी अनुमतिपत्र प्राप्त संस्थाले सार्वजनिक सूचना प्रकाशन गरी यथासम्भव छिटो त्यस्तो फोहोरपानीको उचित व्यवस्थापन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम फोहोरपानीको व्यवस्थापन नभएसम्मका लागि सोको वैकल्पिक व्यवस्था गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र अनुमतिपत्र प्राप्त संस्थाले आफूले उपलब्ध गराएको समयतालिका बमोजिम नियमितरुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको र उपदफा (३) बमोजिम ढल निकास प्रणालीबाट विसर्जन भइरहेको फोहोरपानीको व्यवस्थापन गर्न नसकेको अवधिको शुल्क वा महसुल लिन पाउने छैन।

(६) निर्धारित समयमा महसुल नबुझाउने वा सेवाको दुरुपयोग गर्ने वा सेवा उपयोग गर्दा पालना गर्नुपर्ने शर्तको उल्लङ्घन गर्ने उपभोक्ताको सेवा अनुमतिपत्र प्राप्त संस्थाले पूर्व सूचना दिई बन्द गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम सेवा बन्द गरिएकोमा सम्बन्धित उपभोक्ताले महसुल बुझाई सेवा सुचारु गरिदिन निवेदन दिएमा अनुमतिपत्र प्राप्त संस्थाले तोकिएको शुल्क लिई बन्द भएको सेवा सुचारु गरिदिनु पर्नेछ र उपभोक्ताको कारणले कुनै हानि नोक्सानी भएको पाइएमा सम्बन्धित उपभोक्ताबाट त्यस्तो हानि नोक्सानी भएको रकम भराई लिन सक्नेछ।

प्रदेश सचिव

२४. निजी वा सार्वजनिक जग्गामा पाइप विच्छ्याउन वा अन्य संरचना बनाउन सक्नेः (१) अनुमतिपत्र प्राप्त संस्थाले उपभोक्तालाई सेवा उपलब्ध गराउने प्रयोजनको लागि प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी निजी वा सार्वजनिक जग्गामा खानेपानी तथा ढल निकासको पाइप बिच्छ्याउन वा अन्य संरचना बनाउन सक्नेछ।

(२) अनुमतिपत्र प्राप्त संस्थाले कुनै व्यक्तिको निजी जग्गामा पाइप बिछ्याउन वा कुनै संरचना बनाउनु परेमा सम्बन्धित जग्गाधनीसँग उक्त जग्गा खरिद गर्न वा लिजमा लिन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिको निजी जग्गामा साविक देखि बिच्छयाईएको पाईप वा निर्माण भइसकेको संरचनाको मर्मत संभार, विस्तार वा पुनर्स्थापना गर्न र निजी जग्गाको भोगचलनमा बाधा नपर्ने गरी नयाँ पाइपलाइन बिछ्याउन सकिनेछ।

(४) उपदफा (२) बमोजिम निजी जग्गा प्राप्त गर्न नसकेमा वा जग्गा प्राप्त गर्न सम्भव नभएमा अनुमतिपत्र प्राप्त संस्थाले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा प्राप्त गर्नको लागि सम्बन्धित निकाय वा अधिकारीसमक्ष अनुरोध गर्न सक्नेछ।

(५) अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण तथा सञ्चालनका लागि बिच्छयाएको पाइप वा निर्माण गरेको संरचनाका कारण कसैको निजी सम्पत्ति हानि नोक्सानी हुन गएमा त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाले सोको उचित क्षतिपूर्ति दिनु पर्नेछ।

२५. घर जग्गामा प्रवेश गर्न सक्नेः (१) अनुमतिपत्र प्राप्त संस्था वा यस ऐन बमोजिमको कामको सिलसिलामा खटिएको कुनै कर्मचारीले कुनै व्यक्तिको घर जग्गामा प्रवेश गर्नुपर्ने भएमा सम्बन्धित व्यक्तिलाई पूर्वसूचना दिई त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले सेवाको दुरुपयोग वा सेवाको अनाधिकार उपयोग गरिरहेको छ भन्ने शङ्का गर्नु पर्ने पर्याप्त आधार र कारण भएमा प्रचलित कानूनको प्रक्रिया पुरा गरी सूर्योदयदेखि सूर्यास्त नभएसम्मको समयमा पूर्वसूचना नदिई अनुमतिपत्र प्राप्त संस्थाबाट अधिकारप्राप्त कर्मचारी त्यस्तो व्यक्तिको घरजग्गामा प्रवेश गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम घरजग्गामा प्रवेश गर्ने कर्मचारीले सम्बन्धित घरजग्गाधनीको कुनै सम्पत्तिमा हानि नोक्सानी पुग्ने कार्य गर्नु हुदैन।

(४) उपदफा (१) र (२) बमोजिम घरजग्गामा प्रवेश गर्ने कर्मचारीले घरजग्गाधनीको कुनै सम्पत्तिमा हानि नोक्सानी गरेको पाइएमा सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो घरजग्गाधनीलाई मनासिब क्षतिपूर्ति दिनु पर्नेछ।

प्रदेश सचिव

कर्णाली प्रदेश सरकार
भौतिक पूर्वाधार तथा ऊर्जा विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२६. <u>सेवाप्रणालीसँग सम्बन्धित संरचनाको सुरक्षाः</u> (१) आयोजना वा सेवा प्रणालीको सुरक्षाको लागि अनुमतिपत्र प्राप्त संस्थाको लिखित अनुरोधमा वा त्यस्तो प्रणालीको सुरक्षा गर्न आवश्यक भएमा प्रदेश सरकार तथा स्थानीय तहले आवश्यक सुरक्षा व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाको अनुरोधमा सुरक्षा व्यवस्था गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च सोही अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ।

## परिच्छेद- ६
## <u>महसुल तथा सेवा शुल्क सम्बन्धी</u>

२७. <u>महसुल निर्धारण समितिः</u> (१) खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराए बापत त्यस्तो सेवा प्राप्त गर्ने उपभोक्ताले तिर्नुपर्ने महसुल निर्धारण गर्न देहाय बमोजिमको खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) वित्त व्यवस्थापान तथा राजस्व महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ग) उपसचिव (कानून) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(घ) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ङ) सम्बन्धित आयोजनाको आधिकारिक प्रतिनिधि -सदस्य

(च) प्रदेश खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, कर्णाली प्रदेशले तोकेको प्रतिनिधि -सदस्य

(छ) सम्बन्धित महाशाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) समितिको काम, कर्तव्य, अधिकार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६) उपदफा (१) बमोजिमको समितिले निर्धारण गरेको महसुल मन्त्रालयले प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

प्रदेश सचिव

कर्णाली प्रदेश सरकार
भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२८. <u>महसुल तथा सेवाशुल्क निर्धारण गर्ने आधारः</u> (१) दफा २७ को उपदफा (१) बमोजिमको समितिले खानेपानी तथा सरसफाइ सेवाको महसुल तथा सेवाशुल्क निर्धारण गर्दा आयोजनाको लागत, ऋण लगानीको साँवा र ब्याज, सेवा सञ्चालन तथा मर्मतको लागत, उपभोक्ता मूल्य सूचीको परिवर्तन, खानेपानी तथा सरसफाइ सेवाको सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको नीति, विदेशी मुद्राको विनिमय दर तथा ह्रास कट्टी समेतको आधारमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आधारमा महसुल निर्धारण गर्दा खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण समितिले उपभोक्ताको वृहत्तर हितलाई ध्यानमा राखी पानीको गुणस्तर, उपभोक्ताको क्रयशक्ति तथा सेवाको स्तर समेतलाई विचार गर्नु पर्नेछ।

२९. <u>महसुल, शुल्क वा सेवाशुल्क लिन पाउने अधिकारः</u> (१) प्रदेश सरकार वा स्थानीय तह आफैंले वा सङ्गठित संस्था मार्फत सञ्चालन तथा व्यवस्थापन गरेको वा आफ्नो नियन्त्रण वा स्वामित्वमा रहेको खानेपानी तथा सरसफाइ सम्बन्धी सेवाप्रदायक संस्थालाई उपभोक्ताले खानेपानी तथा सरसफाइ सेवा उपयोग गरे बापत खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण समितिले निर्धारण गरे बमोजिमको महसुल तथा सेवाशुल्क लिने अधिकार हुनेछ।

(२) अनुमतिपत्र प्राप्त संस्थालाई उपभोक्ताले खानेपानी तथा सरसफाइ सेवा उपयोग गरे बापत प्रदेश सरकार र स्थानीय तहले निर्धारण गरे बमोजिमको आधार र मापदण्डको अधीनमा रही महसुल तथा सेवाशुल्क लिने अधिकार हुनेछ।

(३) खानेपानी सेवा तथा सरसफाइ सेवा उपयोग गरे बापतको महसुल तथा सेवाशुल्क सम्बन्धित उपभोक्ताले अनुमतिपत्र प्राप्त संस्था वा सेवा प्रदायक संस्थालाई बुझाउनु पर्नेछ।

(४) उपदफा (१), (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवाप्रदायक संस्था वा अनुमतिपत्र प्राप्त संस्था वा संगठित संस्थाले विपन्न व्यक्ति तथा परिवारलाई धारा जडान र ढल जडान बापतको शुल्कमा तोकिए बमोजिमको सहुलियत दिन सक्नेछ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "विपन्न व्यक्ति तथा परिवार" भन्नाले प्रचलित कानून वमोजिम तोकेको भन्दा कम आय भएको व्यक्ति तथा परिवार सम्झनु पर्छ।

३०. <u>असूल उपर गर्नेः</u> यस ऐन बमोजिम खानेपानी सेवा तथा सरसफाइ सेवा उपयोग गरे वापतको महसुल तथा जरिबानाको रकम नबुझाउने उपभोक्ताबाट अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ।

३१. <u>मिनाहा दिन सक्नेः</u> प्रदेश सरकारले प्रदेश राजपत्र तथा स्थानीय तहले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी आफूले सञ्चालन तथा व्यवस्थापन गरेका खानेपानी तथा सरसफाइ सेवाको विषम परिस्थितिका कारणले कुनै खास क्षेत्रका उपभोक्ताले खानेपानी तथा सरसफाइको महसुल तिर्न

प्रदेश सचिव

असमर्थ भएमा वा विपन्न सीमान्तीकृत समुदायको लागि जडान भएको खानेपानीको धारा तथा ढल सेवामा लाग्ने महसुल घटाउन वा मिनाहा दिन सक्नेछ।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि "विषम परिस्थिति" भन्नाले कुनै प्रकोपको कारण खानेपानी तथा सरसफाइ सेवा सञ्चालन नभएको वा सिमित मात्रामा सञ्चालन भएको अवस्थालाई जनाउँछ।

## परिच्छेद- ७

## गुणस्तर र मापदण्ड सम्बन्धी

३२. <u>गुणस्तर र मापदण्ड तोक्न सक्ने</u>: (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी नेपाल सरकारले तोकेको गुणस्तर र मापदण्डको अधिनमा रही सो मापदण्डले तोकेको गुणस्तरभन्दा न्यून नहुने गरी खानेपानीको गुणस्तर र मापदण्ड तथा सरसफाइ सेवा सम्बन्धी मापदण्ड तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधीनमा रही सो मापदण्डले तोकेको गुणस्तरभन्दा न्यून नहुने गरी स्थानीय तहले आ-आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाइ सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ।

३३. <u>फोहोरपानी मिसाउन नहुने</u>: (१) कसैले तोकिएको मापदण्ड विपरीत मानव मलमूत्र सहित वा रहितको फोहोरपानी ढल निकास प्रणालीमा विसर्जन गर्न वा मानव मलमूत्रलाई सिधै नदी, खोला, ताल, तलैया, जलाशय, मानव वस्ती वा सार्वजनिक जग्गामा मिसाउन वा पठाउन हुँदैन।

(२) कसैले आफुबाट उत्सर्जित फोहोरपानी ढल निकास प्रणालीमा मिसाउनु पर्ने भएमा प्रचलित कानून बमोजिम तोकिएको मापदण्ड पालना हुने गरी पूर्व-प्रशोधन गरेर मात्र ढल निकास प्रणालीमा मिसाउनु पर्नेछ।

(३) आफ्नो घर जग्गा परिसरभित्रको सेप्टिक ट्याङ्क वा अन्य सरसफाइ संरचनाको सफाइ तथा मर्मत संभार गर्नु सम्बन्धित उपभोक्ताको कर्तव्य हुनेछ।

३४. <u>प्रयोगशालाको स्थापना तथा सञ्चालन</u>: (१) प्रदेश सरकारले खानेपानी तथा फोहोरपानीको गुणस्तर मापन तथा परीक्षणका लागि प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रयोगशालाको स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

प्रदेश सचिव

परिच्छेद- ८

## सेवाको अनुगमन तथा निगरानी सम्बन्धी

३५. <u>निरीक्षक तोक्नु पर्ने</u>: खानेपानी तथा सरसफाइ सेवा सम्बन्धमा दफा ३२ बमोजिमको गुणस्तर र मापदण्डको कार्यान्वयन, अनुगमन र निगरानीका लागि सम्बन्धित विषयको विज्ञता भएको कम्तिमा अधिकृतस्तरको कर्मचारीलाई मन्त्रालयले निरीक्षक तोक्न सक्नेछ।

३६. <u>निगरानी गर्ने</u>: अनुमतिपत्र प्राप्त संस्थाले उपलब्ध गराएको खानेपानीको नमूना संकलन गरी त्यसको परीक्षण तथा विश्लेषणको आधारमा खानेपानीको गुणस्तर तथा निष्काशित फोहेरपानीको मापदण्ड कायम भए नभएको सम्बन्धमा निरीक्षकले नियमित रुपमा निगरानी गर्नु पर्नेछ।

<u>स्पष्टीकरण</u>: यस दफाको प्रयोजनको लागि "निगरानी" भन्नाले खानेपानी तथा सरसफाइ सेवा प्रवाहका क्रममा गुणस्तरको न्यूनताबाट जनस्वास्थ्यमा पर्न सक्ने असर वा प्रभावलाई ध्यानमा राखी सेवाको उपयोग र त्यसको गुणस्तर सम्बन्धमा प्रयोगशालावाट प्राप्त भएको आवश्यक नमूना तथा सूचना संकलन गरी विश्लेषण गर्ने र प्राप्त नतिजाका आधारमा सुधारका लागि सुझाव दिने कार्य सम्झनु पर्छ।

३७. <u>अनुगमन तथा नियमन</u>: (१) निरीक्षकले अनुमतिपत्र प्राप्त संस्थाबाट आपूर्ति भएको खानेपानीको गुणस्तर तथा उपलब्ध गराइएको सरसफाइ सेवाको स्तर नियमित रुपमा अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा निरीक्षकले अनुमतिपत्र प्राप्त संस्थाले आपूर्ति गरिरहेको खानेपानी वा विसर्जन गरेको फोहोरपानीको नमूना सङ्कलन तथा परीक्षण गर्न वा अन्य आवश्यक विवरण लिन वा माग गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमनका क्रममा निरीक्षकले खानेपानी तथा सरसफाइ सेवाको स्तरमा सुधार गर्न आवश्यक देखेमा वा खानेपानी तथा फोहोरपानीको नमूना परीक्षण गर्दा गुणस्तर तथा मापदण्ड बमोजिम भएको नपाइएमा सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई गुणस्तर तथा मापदण्ड कायम गर्न साठी दिन भित्र आवश्यक मापदण्ड पूरा गरी सेवा उपलब्ध गराउन निर्देशन दिनेछ र सोको जानकारी मन्त्रालयले तोकेको अधिकारीलाई दिनुपर्नेछ।

(४) उपनियम (३) बमोजिमको निर्देशन कार्यान्वयन गर्दा समय अपुग भएको भनी अनुमतिपत्र प्राप्त संस्थाबाट अनुरोध भएमा मन्त्रालयले तोकेको अधिकारीको अनुमति लिई निरीक्षकले बढीमा पन्ध्र दिनसम्मको समय थप गर्न सक्नेछ।

(५) उपनियम (३) र (४) बमोजिमको अवधिभित्र निरीक्षकले दिएको निर्देशन सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाले कार्यान्वयन नगरेमा त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र रद्द गर्न निरीक्षकले मन्त्रालयले तोकेको अधिकारी समक्ष सिफारिस गर्न सक्नेछ।

प्रदेश सचिव

(६) उपनियम (५) बमोजिम निरीक्षकबाट सिफारिस भई आएमा मन्त्रालयले तोकेको अधिकारीले पन्ध्र दिन भित्र अनुमतिपत्र रद्द गरी सोको जानकारी सम्बन्धित अनुमतिपत्र प्राप्त संस्था र सरोकारवालालाई दिनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम मन्त्रालयबाट तोकिएको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले सोको जानकारी पाएको मितिले सात दिन भित्र मन्त्रालय समक्ष उजुरी दिन सक्नेछ।

(८) उपदफा (७) बमोजिमको निवेदनमा मन्त्रालयले पन्ध्र दिनभित्र निर्णय गर्नु पर्नेछ र मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

(९) खानेपानी तथा सरसफाइ सेवाको स्तर, गुणस्तर तथा मापदण्डको अनुगमन तथा नियमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ९

## कसूर र सजाय सम्बन्धी

३८. कसूर र सजायः (१) कसैले देहायको कुनै काम गरे वा गराएमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः-

(क) अनुमति नलिई खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना वा सेवा प्रणालीको निर्माण वा सञ्चालन गरेमा,

(ख) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रमा तोकिएको सेवा क्षेत्रभित्र खानेपानी प्रणालीबाट नियमित रुपमा खानेपानी सेवा उपलब्ध नगराएमा,

(ग) खानेपानी सेवा तथा सरसफाइ सेवाको अनाधिकार प्रयोग गरेमा वा त्यसको दुरुपयोग गरेमा,

(घ) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले जडान गरेको निजी धारामा उपभोक्ताले सो संस्थाको स्वीकृति विना कुनै अवाञ्छित फाइदा लिने उद्देश्यले कुनै कार्य गरेमा,

(ङ) खानेपानीको पाइपबाट कुनै यन्त्र जडान गरी अनाधिकार पानी प्रयोग गर्ने कार्य गरेमा,

(च) जलाधार क्षेत्रभित्र खानेपानी प्रदूषित गर्ने वा पानीको परिमाण वा बहावमा असर पर्ने कार्य गरेमा,

प्रदेश सचिव

(छ) खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना वा सेवा प्रणालीको कुनै संरचना वा जडित पाइप वा सामान वा जडित मिटर वा प्रशोधन प्रणाली वा अन्य उपकरण विगारेमा वा नष्ट गरेमा,

(ज) मापदण्ड विपरीत मानव मलमुत्र सहित वा रहितको फोहोरपानी ढल निकास प्रणालीमा विसर्जन गरेमा वा मानव मलमूत्रलाई सिधै नदी, खोला, ताल, तलैया, जलाशय वा सार्वजनिक जग्गामा मिसाएमा वा पठाएमा,

(झ) प्रदेश सरकारले तोकेको गुणस्तर तथा मापदण्ड बमोजिम सेवा स्तर र गुणस्तर कायम नगरेमा वा तोकिएको गुणस्तर बमोजिमको खानेपानी आपूर्ति नगरेमा,

(ञ) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले यस ऐन बमोजिम निर्धारण भएको महसुल तथा सेवाशुल्क वा निर्धारित आधार र मापदण्ड विपरीत महसुल लिएमा,

(ट) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नु पर्ने काम नगरेमा वा गर्न नहुने काम गरेमा।

(२) कसैले उपदफा (१) बमोजिमको कसूर गरेमा देहाय बमोजिम सजाय हुनेछः-

(क) खण्ड (क), (ख), (ग), (घ) र (ट) बमोजिमको कसूर गरेमा एक लाख रुपैयाँसम्म जरिवाना,

(ख) खण्ड (ङ) देखी (ञ) सम्मको कसूर गरेमा पाँच लाख रुपैयाँसम्म जरिवाना।

३९. <u>उजुरी तथा पुनरावेदन सम्बन्धी व्यवस्थाः</u> (१) यस ऐन बमोजिम अधिकार प्राप्त अधिकारी, निरीक्षकले गरेको निर्णय वा सजायको आदेश उपर चित्त नवुझ्ने व्यक्ति वा संस्थाले त्यस्तो निर्णय वा सजायको आदेशको जानकारी पाएको मितिले पन्ध्र दिनभित्र मन्त्रालयमा उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको उजुरी उपर मन्त्रालयको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय वा आदेशको जानकारी पाएको मितिले पैतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

४०. <u>सङ्घीय कानून बमोजिम हुनेः</u> यस ऐनमा उल्लेख भएको बाहेकका खानेपानी तथा सरसफाई सम्बन्धी अन्य विषय प्रचलित सङ्घीय कानूनबमोजिम हुनेछ।

४१. <u>क्षतिपूर्ति भराई दिन सक्नेः</u> (१) अनुमतिपत्र प्राप्त संस्थाले तोकिएको मापदण्ड बमोजिमको खानेपानी उपलब्ध नगराएको प्रमाणित भएमा वा त्यस्तो खानेपानी उपयोग गर्दा उपभोक्ताको

प्रदेश सचिव

स्वास्थ्यमा प्रतिकूल असर पर्न गएमा त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो उपभोक्तालाई तोकिए बमोजिमको क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(२) कसैले खानेपानी वा सरसफाइ आयोजना वा सेवा प्रणाली र त्यसको संरचनामा कुनै पनि प्रकारले हानि नोक्सानी वा क्षति पुऱ्याएमा मुद्दा हेर्ने अधिकारीले उचित रकम क्षतिपूर्ति बापत भराई दिन सक्नेछ ।

४२. असल नियतले गरेको काम कारवाही उपर सजाय नहुनेः यस ऐन बमोजिम कार्य सम्पादन गर्ने पदाधिकारी वा कर्मचारीले आफ्नो कार्य सम्पादन गर्दा वा प्रशासनिक कार्य सञ्चालन गर्दा निजले असल नियतले गरेको काम कारबाहीको विषयलाई लिएर निज उपर कुनै कारबाही हुने छैन।

४३. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः यस ऐन बमोजिम कसूर हुने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम पनि कसूर हुने रहेछ भने सो कानून बमोजिम मुद्दा चलाई सजाय गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुयाएको मानिने छैन।

## परिच्छेद- १०

## विविध

४४. कार्यक्रम सञ्चालन गर्न सकिनेः (१) प्रदेश सरकार तथा स्थानीय तह वा सो अन्तर्गतका निकायले पारस्परिक समन्वय गरी ग्रामीण तथा शहरी बस्तीलाई स्वच्छ, सफा र सुन्दर बनाई राख्न स्वास्थ्य तथा सरसफाइ सम्बन्धी तोकिए बमोजिमका कार्यक्रम तथा अभियान सञ्चालन गर्न वा गराउन सक्नेछन्।

(२) प्रदेश सरकार तथा स्थानीय तहले जनतालाई खानेपानी उपलब्ध गराउनको लागि सतह तथा जमिन मुनिको पानीको स्रोत पर्याप्त नभएको क्षेत्रमा आकाशे पानी सङ्कलन गर्ने तथा अन्य उपयुक्त प्रविधि वा प्रणाली निर्माणका लागि तोकिए बमोजिम आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

४५. स्वीकृति लिनु पर्नेः खानेपानी तथा सरसफाइ सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असर पर्ने गरी अन्य कुनै निकायले कुनै संरचना बनाउनु परेमा मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

४६. भूमिगत पानीको उपयोगः (१) खानेपानीको लागि भूमिगत पानीको उपयोग सम्बन्धमा नेपाल सरकारले निर्धारण गरेको मापदण्डको अधीनमा रही प्रदेश सरकार तथा स्थानीय तहले आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

प्रदेश सचिव

४७. <u>खानेपानीको उपयोगः</u> यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि घरेलु उपयोगको लागि पानीको उपयुक्त परिमाणको व्यवस्था गरेर मात्र जलस्रोतको उपयोगसँग सम्बन्धित सिंचाइ, जलविद्युत जस्ता आयोजनाको लागि प्रयोग गर्नु पर्नेछ।

४८. <u>खानेपानी तथा सरसफाइ समन्वय समितिः</u> (१) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनका विषयमा प्रदेश सरकारलाई सुझाव दिन तथा अन्तरतहगत समन्वय कायम गर्न र अन्य सरोकारवालाहरु बीच समन्वय गर्न देहाय बमोजिमको एक समन्वय समिति रहनेछः-

(क) मन्त्री, प्रदेश सरकार, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय - संयोजक

(ख) प्रदेश सचिव, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय - सदस्य

(ग) प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय - सदस्य

(घ) संयोजक, नेपाल नगरपालिका संघ, कर्णाली प्रदेश - सदस्य

(ङ) अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासंघ, कर्णाली प्रदेश - सदस्य

(च खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघको अध्यक्ष वा प्रतिनिधि -सदस्य

(छ) महाशाखा प्रमुख, मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समन्वय समितिको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ।

(३) समन्वय समितिले आवश्यकता अनुसार खानेपानी तथा सरसफाइ क्षेत्रमा काम गर्ने विकास साझेदारहरुको तर्फबाट प्रतिनिधि एवं अन्य कुनै विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) समन्वय समितिको काम कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६) मन्त्रालयले प्रदेश भित्रका प्रत्येक जिल्लामा जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समिति गठन गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम गठन हुने जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समितिको गठन तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४९. <u>विद्युतीय एकीकृत नक्सा तयार गर्नु पर्नेः</u> (१) प्रदेश सरकारले नेपाल सरकार र स्थानीय तहको सहकार्य र समन्वयमा पानीको स्रोत, परिमाण, गुणस्तर, लाभान्वित क्षेत्र तथा खानेपानी तथा



प्रदेश सचिव

सरसफाइ प्रणालीका सम्पूर्ण अवयवहरु प्रष्ट देखिने गरी विद्युतीय अभिलेख सहितको एकीकृत नक्सा तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विद्युतीय एकीकृत नक्सामा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले सम्पन्न गर्ने आयोजनाहरुको विवरण अद्यावधिक गर्नुपर्नेछ।

(३) एकीकृत विद्युतीय अभिलेख एकीकृत नक्सा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५०. खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी योजना तर्जुमाः प्रदेश सरकारले मन्त्रालय मार्फत स्थानीय तह र सरोकारवाला निकाय तथा संघ संस्थाहरुसँग समन्वय र परामर्श तथा छलफल गरी प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड अनुसार यस प्रदेशका लागि उपयुक्त हुने किसिमका सूचकहरु सहितको खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी प्रदेश योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ।

५१. खानेपानी सुरक्षा योजनाः प्रत्येक खानेपानी सेवा प्रदायकले पानीको स्रोत देखि उपभोक्ताको प्रयोग बिन्दु सम्म सम्भावित जोखिमको पहिचान, मूल्याङ्कन, नियन्त्रण, अनुगमन तथा सुधारात्मक कार्य समेटिएको खानेपानी सुरक्षा योजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ ।

५२. आदेश वा निर्देशन दिन सक्नेः यस ऐनको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा यस ऐनको मर्म विपरित नहुने गरी प्रचलित कानूनको आधारमा मन्त्रालयले आवश्यक निर्णय गर्न वा सम्बन्धित निकायलाई आदेश वा निर्देशन गर्न सक्नेछ। त्यस्तो आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

५३. अधिकार प्रत्यायोजनः यस ऐन बमोजिम मन्त्रालय वा अधिकार प्राप्त अधिकारीले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समिति, अधिकार प्राप्त अधिकारी, निरीक्षक वा अधिकृतस्तरको कर्मचारीलाई तोकिएको सर्तको अधिनमा रहि प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

५४. यसै ऐन बमोजिम भए गरेको मानिनेः यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम खानेपानी तथा सरसफाइ सम्बन्धी भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिने छ।

५५. बाधा अड्काउ फुकाउः यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

५६. नियम बनाउने अधिकारः (१) यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका विषयमा नियम बनाउन सकिनेछः-

प्रदेश सचिव

कर्णाली प्रदेश सरकार
जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

(क) खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन तथा व्यवस्थापन,

(ख) स्वच्छ तथा गुणस्तरिय खानेपानी वितरण सम्बन्धी,

(ग) खानेपानी तथा सरसफाइ सेवाको अनुमतिपत्र तथा सर्वेक्षण अनुमतिपत्र दस्तुर, नविकरण शुल्क सम्बन्धी,

(घ) खानेपानी तथा सरसफाइ सेवाको निर्धारण तथा मिटर जडान सम्बन्धी,

(ङ) ढल सेवाको शुल्क सम्बन्धी,

(च) पानीको थोक खरिद तथा बिक्री सम्बन्धी,

(छ) खानेपानीको गुणस्तर तथा मापदण्ड,

(ज) प्रयोगशालाको स्थापना तथा सञ्चालन सम्बन्धी,

(झ) खानेपानीको निर्यात तथा व्यापार सम्बन्धी,

(ञ) समन्वय समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी,

(ट) खानेपानी तथा सरसफाइ सेवाको अनुगमन तथा नियमन, र

(ठ) ऐन कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य विवरणहरु।

५७. निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउने अधिकारः मन्त्रालयले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम प्रतिकूल नहुने गरी आवश्यकता अनुसार निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

प्रदेश सचिव